National Network on Right to Food, Nepal
(RtFN)
खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपाल

Reg. No: Date:......................

मिति २०७२ वैशाख २१

## प्रेश विज्ञप्ती

यही मिति २०७२ वैसाख १२ गते विनाशकारी महाभुकम्पका कारण भएको व्यापकधनजनको क्षतिप्रति खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपाल गहिरो समवेदना प्रकट गर्दछ । यस घटनामा परी ज्यान गुमाएकाहरुको आत्माको चीर शान्तिको कामना गर्दै खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपाल घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ । साथै उहाँहरुको शीघ्र उपचारार्थ सरकारी, तथा गैरसरकारी निकायहरुसंग समन्वय गर्ने कार्यलाई तिव्रता दिन खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपाल आवद्ध मानवअधिकार संघसंस्था, खाद्य अधिकार संग सम्वधित संघ सस्थालाई हार्दिक अपिल गर्दछ ।

महाभूकम्पका कारण देशभर हजारौ घरहरुमा क्षति पुगेको ,लाखौ जनता विश्थापित भई घरवार विहिन भएका छन् । प्रभावित ३१ जिल्लाहरुमा मानवीय क्षतिका आधारमा सिन्धुपाल्चोक, काठमाण्डौं, नुवाकोट, धादिङ, रसूवा, काभ्रे, गोरखा, भक्तपुर, तथा ललितपुर अत्यन्तै प्रभावित भएको देखिएको छ ।
प्रभावित जिल्ला स्थित खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपालका समितिहरु तथा खाद्य अधिकार रक्षकहरुका अनुसार अधिकांश गाविसहरुमा राहतको कार्य प्रभावकारी हुन सकेको छैन । सदरमुकाम देखि दुर्गम क्षेत्रका जनताहरु उपचारको अभावमा ज्यान गुमाउन वाध्य भएको अवश्था छ ।त्यस्तै बसोवास तथा खाध्य सामाग्रीको अभावमा बाचेकाहरुको पनि दयनिय अवश्था छ । र अस्थायी साम'हिक बासमा देखिएको चरम अव्येव्यस्था ले निकट भविश्यमा महामारी निम्त्याउने खतरा देखिएको छ । यस्ता संवेदनशील क्षेत्रहरुमा तत्काल उपचार टोली खटिनु पर्ने, अन्य आवश्यक व्यवस्थापन खडकिएकोले सरकारसँग उक्तकार्यलाई प्राथमिकता दिन समेत अपिल गरिन्छ ।

खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपालले देशका विभिन्न भागमा भएका धनजनको क्षति विवरण संकलन गर्ने कार्यलाई तिव्रता दिन र राहत संकलन, प्रकोप व्यवस्थापन तथा समन्वय तथा सहकार्यलाई विशेष प्राथमिकाता दिइ कार्य सम्पादन गर्ने कार्यलाई सहयोग गर्न यस संकटपूर्ण घडीमा सबै मानवअधिकारकर्मी तथा खाद्य अधिकारकर्मीहरुमा धैर्यधारणका साथ संयमित हुँदै महिला,बालबालिका, तथा ज्येष्ठ नागरिकहरुलाई प्राथमिकतामा राख्दै उनीहरको राहत, उपचार, वसोवासको व्यवस्था लगायतका कार्यमा जुट्न हार्दिक अपिल गरिन्छ ।

डा. सर्वराज खड्का, राष्ट्रिय संयोजक
खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपाल

Secretariat:
Rural Reconstruction Nepal (RRN), PO Box 8130, Kathmandu, Nepal
Tel: (977 1) 4004976, 4004988 Fax: (977 1) 4004508
E-mail: rrn@rrn.org.np URL: www.right2foodnet.wordpress.com